नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
आन्तरिक व्यवस्थापन तथा जनशक्ति विकास शाखा

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्या:- ०७०/७१

चलानी नं.:- ३३८

मिति: २०७०।०७।१२

विषय: **Monitoring Cell को गठन बारे ।**

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR),
श्री जिल्ला विकास समितिको कार्यालय (७५ वटै),
श्री .......................... म.नपा/उप म.नपा/न.पा (५८ वटै)
श्री ............................ समिति/आयोग/प्रतिष्ठान (सबै)

प्रस्तुत विषयमा आगामी २०७० साल मंसीर ४ गते हुने संविधानसभा सदस्य निर्वाचन सम्बन्धी काममा यस मन्त्रालय र अन्तर्गत स्थानीय निकायहरु र सरकारी कार्यालयहरुबाट सम्पादन गरिने काम कारबाहीहरुमा सहजीकरण, आवश्यक समन्वय लगायत आई परेका बाधा व्यवधानहरु समाधान गर्न गराउन यस मन्त्रालयका सहसचिव श्री श्यामराज खनालको संयोजकत्वमा देहायका पदाधिकारीहरु सम्मिलित एक Monitoring Cell खडा गर्ने नेपाल सरकार (सचिवस्तर) को मिति २०७०/०७/०८ को निर्णय भएकोले सो Monitoring Cell को कार्यविवरण समेत सहित सम्बन्धित सबैलाई जानकारी गराइएको छ । Monitoring Cell ले मागेका विवरणहरु लगायतका सूचना, जानकारीहरु यस मन्त्रालयको फोन ०१-४२००४१५ मा टिपोट गराइ दिन तथा फ्याक्स नं. ०१-४२००३२२ मा पठाउने व्यवस्था हुनका लागि अनुरोध गरिएको छ । सो Monitoring Cell को गठन देहाय बमोजिम रहनेछ ।

सहसचिव श्री श्यामराज खनाल - संयोजक - सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
उपसचिव श्री इन्दु घिमिरे - सदस्य - सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
उपसचिव श्री मदन कोइराला - सदस्य - सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सि.डि.ई. श्री पवन कुमार श्रेष्ठ - सदस्य - सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
शाखा अधिकृत श्री पुरुषोत्तम ढकाल - सदस्य - सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
शाखा अधिकृत श्री श्रीकृष्ण पौडेल - सदस्य - सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
शाखा अधिकृत श्री सुरथ पोखरेल - सदस्य - सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

- संयोजकको अनुपस्थितिमा सामान्य प्रशासन महाशाखा प्रमुखले संयोजकको जिम्मेवारी बहन गर्नु हुनेछ ।
- अनुगमन तथा मुल्यांकन शाखाले Monitoring Cell को सचिवालयको काम गर्नेछ ।
- Monitoring Cell को लागि मन्त्रालयका सबै महाशाखा, शाखाहरुबाट मागिएको Logistic लगायतका सहयोग उपलब्ध गराउने ।
- यस Monitoring Cell को कार्य विवरण (TOR) देहाय बमोजिम रहनेछ ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९

पत्र संख्या:-

चलानी नं.:-

## Terms of Reference (TOR)

१. कर्मचारीहरु आफ्नो कार्यक्षेत्रमा उपस्थित रहे नरहेको एवं खटिएको स्थानमा हाजिर भई कार्यरत रहेको, नरहेको सोको अनुगमन गर्ने ।

२. निर्वाचनको लागि स्थानीय निकायले मर्मत संभार गर्नुपर्ने सडक/बाटोहरु चालु अवस्थामा राखे नराखेको अवस्थाको अनुगमन गर्ने ।

३. हालै समायोजित भई पदस्थापना भएका सबै श्रेणीका कर्मचारीहरु खटिएको कार्यस्थलमा उपस्थित भई जिम्मेवारी सम्हाले/नसम्हालेको अनुगमन गर्ने ।

४. स्थानीय निकायहरुका सवारीसाधहरु चालु हालतमा राखे/नराखेको र निर्वाचनको प्रयोजनमा मागेको बखत उपलव्ध गराएको/नगराएको अवस्था बुझ्ने ।

५. नगरपालिकाहरुले वारुणयन्त्रहरु तत्काल परिचालन गर्न सक्ने गरी चालु हालतमा राखे नराखेको र सडक बत्तीको व्यवस्थापन नियमित रुपमा गरे/नगरेको सुनिश्चित गर्ने ।

६. राजनितिक दलहरु र तिनका भातृ संगठनका पदाधिकारीहरु, निर्वाचनका उम्मेद्वारहरु, निर्वाचन प्रचार प्रसारमा संलग्न व्यक्तिहरुलाई सरकारी गेष्ट हाउस, सवारीसाधन, ईन्धन लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग भए नभएको सुनिश्चित गर्ने ।

७. निर्वाचन प्रकृयाको समयमा सरकारी ऐलानी पर्ती, सार्वजनिक जग्गा अतिक्रमण हुन सक्ने संभावनालाई मध्ये नजर गर्दै स्थानीय निकायहरुको तर्फबाट आवश्यक रेखदेख गर्न सजगता राखे/नराखेको अनुगमन गर्ने ।

८. निर्वाचनलाई असर वा प्रभाव पर्ने गरि स्थानीय निकायहरुले कुनै पनि किसिमको निर्णयहरु नगर्ने नगराउने सम्बन्धी निर्देशनहरु विपरित यस किसिमका निर्णय भए/नभएको अनुगमन गर्ने ।

९. स्थानीय निकायहरुको तर्फबाट संविधानसभा सदस्य निर्वाचन २०७० को आचारसंहिता पालना भए नभएको अवस्थाको अनुगमन गर्ने ।

१०. निर्वाचनलाई सहज रुपमा सम्पन्न गर्ने कार्यमा सघाउन स्था.वि.अ. र कार्यकारी अधिकृतहरुलाई आवश्यक निर्देशन दिने ।

११. निर्वाचनलाई सघाउन डोलिडारले गठन गरेको कार्यदलसँग समन्वय गर्ने ।

१२. माथि उल्लेखित विषय क्षेत्रहरु बाहेक आकस्मिक रुपमा हेर्नु पर्ने तथा बुझ्नु पर्ने विषयमा समेत प्रतिवेदन पेश गर्न सक्ने ।

१३. निर्वाचन आचारसंहिता तथा मन्त्रालयको निर्देशन विपरित काम गर्ने कर्मचारीलाई विभागीय कारवाही लगायतका आवश्यक कानूनी कारबाहीका लागि सिफारिस गर्ने ।

.....................
(विश्वराज डोटेल)
उपसचिव